# रसुवा-भोटेकोशी लेदोसहितको बाढी: खोज, उद्धार तथा राहत प्रतिकार्य

## स्थिति प्रतिवेदन # ३०

मिति : २०८३ असोज ४ गते, साँझ ७:०० बजेसम्म

यो प्रतिवेदन राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA) ले जिल्ला प्रशासन कार्यालय, जिल्ला तथा राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रहरूबाट प्राप्त विवरणका आधारमा तयार गरेको हो। प्रतिवेदनमा रसुवाको भोटेकोशी बाढीबाट सिर्जित अवस्थाको खोज, उद्धार तथा राहत व्यवस्थापनका क्रममा भएका प्रतिकार्यहरू समेटिएका छन्।

## संक्षिप्त सारांश




१० भदौ २०८३ (२६ अगस्ट २०२६) का दिन ल्हेन्दे खोला-भोटेकोशी-त्रिशूली-नारायणी नदी प्रणालीमा आएको भीषण आकस्मिक बाढी मनसुनी वर्षाका कारण नभई रसुवा जिल्लास्थित लाङटाङ-लिरुङ हिमालको उत्तरी भेगमा करिब ५,२०० मिटर उचाइमा रहेको झुण्डिएको हिमनदी र चट्टानी भूभाग (करिब २.० वर्ग किमि) छुट्टिएर ३,८०० मिटरमा रहेको ल्हेन्दे हिमनदीमा बज्रिँदा उत्पन्न हिम-चट्टान पहिरो (ice-rock avalanche) र सोपछिको ल्हेन्दे बहावका कारण सिर्जना भएको हो। सो हिम-चट्टान खस्दा उत्पन्न तीव्र कम्पनका कारण बिहान ०८:३७ बजे ५.२ म्याग्निच्युडको भूकम्पीय सङ्केत रेकर्ड भएको थियो।

उद्गमस्थलबाट करिब १८८ किमि/घण्टाको तीव्र गतिमा बगेको बाढी ७ देखि ८ मिनेटभित्रै २० किमि दूरी पार गरी बिहान ०८:४५ बजे नेपाल-चीन सीमा (रसुवागढी) पुगेको थियो र ०८:५० बजे स्याफ्रुबेँसी तथा ०९:२० बजे बेत्रावतीका जलमापन केन्द्रहरू ध्वस्त बनाएको थियो।

### घटनाक्रम तथा पूर्वचेतावनीको (समयरेखामा)

| मिति र समय | घटनाक्रम तथा पूर्वचेतावनी | मुख्य घटनाक्रम तथा पूर्वचेतावनीको विवरण |
|---|---|---|
| भदौ १०, बिहान ०८:३७ | घटनाक्रम | नेपाल-चीन सीमा क्षेत्रको माथिल्लो जलाधारमा ठूलो हिमपहिरो, चट्टान र लेदो खसेर नदीको बहाव थुनियो। सोही समयमा खानी तथा भूगर्भ विभागका अनुसार ५.२ म्याग्निच्यूडको भूकम्प समेत मापन गरिएको थियो। |
| भदौ १०, बिहान ०८:४५ | पूर्वचेतावनी | तिब्बत क्षेत्रबाट भोटेकोशी नदीमा भीषण बाढी आएको सूचना जिल्ला प्रशासन कार्यालयमार्फत पुर्व सूचना भयो। |
| भदौ १०, बिहान ०९:०० | पूर्वचेतावनी | तिब्बत क्षेत्रबाट भोटेकोशी नदीमा भीषण बाढी आएको सूचना जिल्ला प्रशासन कार्यालय रसुवा र बेत्रावती जलमापन केन्द्रका कर्मचारीमार्फत प्राप्त भयो। सो पश्चात् तटीय क्षेत्रका बासिन्दालाई सुरक्षित स्थानमा जान आग्रह गरियो। |
| भदौ १०, बिहान ०९:१५ | पूर्वचेतावनी | तिब्बत क्षेत्रबाट बाढी बगेर आएको सूचना प्राप्त भएपछि रसुवा, नुवाकोट, धादिङ र चितवनका मुग्लिनसम्मका नदी तटीय बासिन्दाहरूलाई उच्च सतर्कता अपनाउन पूर्वचेतावनी एसएमएस (SMS) प्रेषित गरियो। |
| | | बाढी पूर्वअनुमान महाशाखाले नेपाल टेलिकम (४,३५,६३५) र एनसेल (२,४३,६६०) मार्फत कुल ६,७९,२९५ वटा पूर्वचेतावनी एसएमएस प्रेषित गऱ्यो। |
| भदौ १०, बिहान ०९:२० | पूर्वचेतावनी | बेत्रावती जलमापन केन्द्रबाट तथ्याङ्क प्रेषण अवरुद्ध भयो। सो समयमा अन्तिम जलसतह ३.५५ मिटर मापन गरिएको थियो (चेतावनी तह: ४.१ मिटर, खतरा तह: ५ मिटर)। |
| भदौ १०, बिहान ०९:३५ | पूर्वचेतावनी | दुरसञ्चार कम्पनीहरूमार्फत प्रभावित क्षेत्रका मोबाइल प्रयोगकर्ताहरूलाई बाढी सम्बन्धी आपत्कालीन alert सन्देशहरू पठाइयो। |
| भदौ १०, बिहान १०:२८ | पूर्वचेतावनी | बाढीको बहाव धादिङको गल्छी क्षेत्रमा पुगेपछि पृथ्वी राजमार्ग, मुग्लिन-नारायणगढ सडक खण्ड र त्रिशूली नदी करिडोरका बजार तथा बस्तीमा उच्च सतर्कता अपनाउन पुनः सूचना जारी गरियो। |

| मिति र समय | घटनाक्रम तथा पूर्वचेतावनी | मुख्य घटनाक्रम तथा पूर्वचेतावनीको विवरण |
|---|---|---|
| भदौ १०, बिहान ११:२६ | पूर्वचेतावनी | फुर्के (मलेखु) जलमापन केन्द्रमा जलसतहले चेतावनी तह पार गरेको र लगातार बढ्न थालेको। |
| भदौ १०, बिहान ११:४३ | घटनाक्रम | फुर्के (मलेखु) जलमापन केन्द्रमा जलसतहले खतरा तह पार गर्‍यो। केही समयमै बाढीले जलमापन केन्द्र र सोसँग जोडिएको पुल बगाएर लग्यो। |
| भदौ १०, बिहान ११:५० | पूर्वचेतावनी | बाढी मलेखु बजार क्षेत्र पुगेपछि मुग्लिन, नारायणगढ र त्रिशूली नदी तटीय क्षेत्रका बासिन्दालाई तत्काल सुरक्षित स्थानमा स्थानान्तरण हुन एसएमएसमार्फत आह्वान गरियो। |
| भदौ १०, दिउँसो ०१:२० | पूर्वचेतावनी | चितवन-देवघाट जलमापन केन्द्रमा जलसतह ४.७६ मिटर पुगेको। बाढीको मुख्य बहाव दिउँसो १५:३० बजे देवघाट पुग्ने र जलसतह ८ मिटरसम्म पुग्न सक्ने अनुमान गरियो। |
| भदौ १०, दिउँसो ०१:३५ | पूर्वचेतावनी | चिनियाँ पक्षबाट प्राप्त सूचना अनुसार नदी थुनिएर बनेको ताल पूर्ण रूपमा नबगेकाले जोखिम कायम रहेको भन्दै सतर्कता सन्देश प्रेषित गरियो। |
| भदौ १०, दिउँसो ०३:२० | पूर्वचेतावनी | बाढीको बहाव नारायणी/देवघाट क्षेत्रमा पुगेको। |
| भदौ १०, अपराह्न ०४:०० | घटनाक्रम | देवघाट जलमापन केन्द्रमा बाढीको जलसतह ६.५७ मिटरको उच्चतम विन्दुमा पुग्यो। देवघाटमा बाढीको अधिकतम बहाव (Peak Discharge) ५,८५० $m^3/s$ मापन गरियो। कुल ५७.४० मिलियन घनमिटर जलप्रवाह भएकोमा १९.९६ मिलियन घनमिटर अतिरिक्त बाढीको पानी रहेको आकलन गरियो। |
| भदौ ११, बिहान ११:४४ | पूर्वचेतावनी | स्याटेलाइट (Planet Labs/Landsat) तस्बिरको विश्लेषणबाट रसुवागढी नाकाभन्दा १८ किमी माथि लेन्दे खोला थुनिएर ०.११ वर्ग किमी क्षेत्रफलको ताल बनेको पुष्टि भयो। ताल फुट्न सक्ने जोखिम रहेकोले तल्लो तटीय क्षेत्रमा उच्च सतर्कता जारी गरियो। |
| भदौ १२, राति ०८:४५ | पूर्वचेतावनी | चिनियाँ पक्षबाट प्राप्त सूचना अनुसार भोटेकोशीमा जलसतह पुनः बढेकाले मुग्लिनसम्मका त्रिशूली तटीय क्षेत्रमा उच्च सतर्कता अपनाउन सूचना जारी गरियो। |
| भदौ १३, बिहान ०४:३१ | पूर्वचेतावनी | भोटेकोशी नदीमा बाढीको गर्जन/बहाव बढेको सुनिएकाले रसुवा, नुवाकोट र धादिङका नदी किनारका बस्तीहरूलाई सतर्क रहन सूचना दिइएको। |
| भदौ १३, बिहान ०७:२० | पूर्वचेतावनी | भोटेकोशी नदीमा बाढीको सतह थप बढेको सूचना प्राप्त भएसँगै खोजी, उद्धार तथा राहत टोली र तटीय बासिन्दाहरूलाई उच्च सतर्कता अपनाउन पुनः चेतावनी जारी गरियो। |

## द्रुत क्षति तथा आवश्यकता आकलन (RDNA) प्रतिवेदनअनुसार मुख्य विवरण

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको नेतृत्वमा, राष्ट्रिय योजना आयोगको सहयोग र सम्बन्धित सरकारी निकायहरूको योगदानमा तयार गरिएको आकलनका मुख्य निष्कर्ष:

### आकलनमा समेटिएका जिल्ला

RDNA ले रसुवा, नुवाकोट, धादिङ, गोरखा र चितवन गरी पाँच जिल्लाको उपलब्ध क्षेत्रगत तथ्याङ्क समेटेको छ। प्रतिवेदनमा यी जिल्लाबाहिर पनि बाढीको प्रभाव परेको उल्लेख छ।

### कुल आर्थिक क्षति तथा पुनर्निर्माण आवश्यकता:

**कुल भौतिक क्षति**
रु **२७,४४८.३२** करोड
(USD **१,८१२.०१** मिलियन)

**कुल आर्थिक नोक्सानी**
रु **१३,३८०.५८** करोड
(USD **८८३.३२** मिलियन)

**कुल विपद् प्रभाव**
रु **४०,८२८.९१** करोड
(USD **२,६९५.३३** मिलियन)

**कुल पुनर्निर्माण तथा पुनःलाभ आवश्यकता**
रु **७२,३३१.५२** करोड
(USD **४,७७४.९९** मिलियन)

कुल विपद् प्रभाव र पुनःलाभ आवश्यकता नेपालको आर्थिक वर्ष २०२४/२५ को प्रारम्भिक अनुमानित नाममात्र कुल गार्हस्थ्य उत्पादन (nominal GDP) को क्रमशः **६.६९%** र **११.८४%** बराबर रहेको छ।


# रसुवा बाढीसम्बन्धी खोज, उद्धार तथा राहत अपडेट

मिति : २०८३ असोज ४ गते, साँझ ०७:०० बजेसम्म

यो तथ्यांक जिल्ला प्रशासन कार्यालय तथा राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रहरूबाट प्राप्त विवरणका आधारमा तयार गरेको हो।

नेपाल सरकार
**गृह मन्त्रालय**
**राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण**
सिंहदरबार, काठमाडौं

## मानवीय क्षति *(मृत्यु संख्या विभिन्न मानव अङ्ग सहित)*




**कुल मृत्यु १,४५१**

## उपचार

- हाल विभिन्न **५ वटा** अस्पतालमा **१५ जना** उपचाररत रहेको
- विभिन्न सुरक्षा निकायबाट उपचार भएका : **१०,१६३**


*नेपाली सेना*
**हवाई उडान**
**३३**
आज नेपाली सेनाद्वारा प्रभावित क्षेत्रमा उडान

**कुल उद्धार**
**१३,७८४**

**डिएनए नमूना संकलन**
**१,२८६** मृतक | **१,९९७** आफन्त

| शवहरूको विवरण | ३३६ | ५८५ | ५३० |
|---|---|---|---|
| | महिला | पुरुष | आंशिक अंग |

## बेपत्ता




**कुल बेपत्ता**
**५,७८६**

**हालसम्म सनाखत भएका शवको संख्या ११० घटाइएको*

## बैकल्पिक बसोबास तथा जिविकोपार्जन अनुदान

- होल्डिंग सेन्टरमा बस्न नचाहने परिवारलाई बैकल्पिक बसोबासको व्यवस्था नहुन्जेल बढीमा ६ महिनासम्म बसोबास र जिविकोपार्जनका लागि ४ जनासम्मको परिवारलाई प्रति परिवार मासिक १५ हजार र परिवारमा सो भन्दा बढी सदस्य भएमा प्रति सदस्य थप २ हजार प्रदान गरिने । उक्त अनुदान प्राप्त गर्ने प्रकृया निर्धारण भइ कार्यान्वयनका लागि सम्बन्धित स्थानीय तहमा पठाइएको ।

**२०**
**होल्डिङ सेन्टर**

**हाल होल्डिङ सेन्टरमा रहेका**
**नुवाकोट** : ३२४
**रसुवा** : ७८६
**धादिङ** : १२१

**सुरक्षाकर्मी परिचालन**
**२०,९२९**

*माथि उल्लिखित सम्पर्कविहीनको संख्यामा पहिचान नभएका शवहरू, उद्धार गरिएका केही व्यक्तिहरू तथा दोहोरोपना भएका विवरण समेत हुनसक्ने ।*

*तथ्यांक रुजु गर्ने कार्य भइरहेकोले सम्पर्कविहीनहरूको उल्लिखित संख्यामा केही थपघट हुनसक्ने ।*

***डिएनए परीक्षणका लागि सम्बन्धित जिल्ला प्रहरी कार्यालयमा २ वटा फोटो र नाता प्रमाणितसहित नमूना दिन सकिने।**

## पूर्वाधार क्षेत्र

- पूर्वाधार क्षेत्रमा सबैभन्दा ठूलो असर परेको छ, जसको कुल विपद् प्रभाव रु. १९,००४.३९ करोड र पुनर्निर्माण आवश्यकता रु. ४७,३५७.१९ करोड (USD ३,१२६.३० मिलियन) रहेको छ।
- ऊर्जा क्षेत्र: कुल ७५९.०२५ मेगावाट क्षमताका १३ वटा जलविद्युत् आयोजना, २४.३६ मेगावाटका ५ वटा सौर्य प्लान्ट, १ सबस्टेसन, प्रशारण लाइन तथा वितरण प्रणाली प्रभावित भएका छन्।
- सडक तथा पुल: ६९ किमी सडक क्षतिग्रस्त भएको छ। प्रभावित ३७ वटा पक्की पुलमध्ये ३३ वटा बगेका छन् र ६८ वटा झोलुङ्गे पुलमा क्षति पुगेको छ।

## सामाजिक क्षेत्र

- सामाजिक क्षेत्रमा कुल विपद् प्रभाव रु ६,७८७.१० करोड र पुनर्निर्माण आवश्यकता रु. १०,३५४.९९ करोड रहेको छ।
- निजी आवास: कुल ७,५७० वटा निजी घरहरू क्षतिग्रस्त (रु. ६,३८८.४८ करोड बराबरको क्षति) भएका छन्।
- सार्वजनिक भवनहरू: ४८ वटा सार्वजनिक संरचनामा क्षति पुगेको छ (३५ वटा पूर्ण क्षति र १३ वटा आंशिक क्षति)।
- शिक्षा तथा स्वास्थ्य: १८ वटा विद्यालयहरू (११ वटा पूर्ण र ७ वटा आंशिक क्षति) र ७ वटा स्वास्थ्य संस्थाहरू (४ वटा पूर्ण नष्ट र ३ वटा आंशिक क्षति) प्रभावित भएका छन्।

## उत्पादनशील क्षेत्र

- उत्पादनशील क्षेत्रमा कुल विपद् प्रभाव रु. १५,०३७.४२ करोड (USD ९९२.७० मिलियन) र पुनःलाभ आवश्यकता रु. ५,०७७.४९ करोड रहेको छ। यसमा मुख्यतः व्यापारिक तथा आर्थिक गतिविधि र जीविकोपार्जनमा ठूलो नोक्सानी (रु. १४,६१९.७३ करोड) पुगेको छ।
- क्रस-कटिङ तथा विपद् जोखिम न्यूनीकरण (Cross-Cutting Sector):
    - विपद् जोखिम न्यूनीकरण (DRR) तथा नदी व्यवस्थापनका लागि रु. ९,४७५.३१ करोड र लेदो/फोहोर (Debris) व्यवस्थापनका लागि रु ५१.५४ करोड आवश्यकता तोकिएको छ।

## खोज तथा उद्धार

### विभिन्न जलविद्युत आयोजनामा भइरहेको खोज तथा उद्धार कार्य

| आयोजना | गरिएका कार्य |
|---|---|
| रसुवागढी (१२० मे.वा.) | • खोज तथा उद्धार कार्यलाई निरन्तरता दिनको लागि Heavy equipment को आवश्यकता रहेकोमा भौगोलिक अवस्थाको कारण ढुवानी गर्न कठिनाई भएको।<br>• CQRT तथा आयोजनाको प्रतिनिधि सहितको टोली पावर हाउस, Transformer Room र Control Room सम्म पुग्न सफल भएको।<br>• पावर हाउस इलाका र वरपर खोजी गर्दा केही पनि फेला नपरेको।<br>• खोज तथा उद्दार कार्य निरन्तर भइरहेको। |
| लाङ्टाङ (२० मे.वा.) | • नेपाली सेना र चिनियाँ DART Team संयुक्त टोलीले आयोजनाको टनेलभित्र करिब १७० मिटरसम्म प्रवेश गरी Thermal Drone मार्फत खोजतलास गर्दा केही फेला नपरेको।<br>• Manually १७० मि. सम्म Clear गरी हाल ३० मि. मात्र बाँकी रहेको।<br>• रसुवा जिल्लाको जिल्ला सुरक्षा समितिका पदाधिकारी र आयोजना प्रमुखबाट स्थलगत निरीक्षण भएको।<br>• जिल्ला सुरक्षा समिति र आयोजनाको प्रवन्ध निर्देशकबीच खोज तथा उद्धार कार्य तत्कालको लागि आवश्यक नभएको भनि निर्णय भएको।<br>• विद्युत गृहमा रहेका भग्नावशेष (Debris) निकाल्ने कार्य आयोजना कम्पनी स्वयंले अगाडि बढाउनेछ भने आवश्यक सुरक्षा व्यवस्थाका लागि सुरक्षा टोली निरन्तर परिचालनमा रहनेछ। |


| आयोजना | गरिएका कार्य |
|---|---|
| चिलिमे (२२ मे.वा.) | • टनेलभित्र वाटर पम्पबाट पानी फाल्ने कार्य भईरहेको।<br>• ८० मि. Debris clear गरेको।<br>• रसुवा जिल्लाको जिल्ला सुरक्षा समितिका पदाधिकारी र आयोजना प्रमुखबाट स्थलगत निरीक्षण भएको।<br>• जिल्ला सुरक्षा समिति र आयोजनाको प्रवन्ध निर्देशकबीच खोज तथा उद्धार कार्य तत्कालको लागि आवश्यक नभएको भनि निर्णय भएको। |
| माथिल्लो त्रिशुली-१ (२१६ मे.वा.) | • टनेलभित्र वाटर पम्पबाट पानी फाल्ने कार्य भईरहेको।<br>• ८० मि. Debris clear गरेको।<br>• रसुवा जिल्लाको जिल्ला सुरक्षा समितिका पदाधिकारी र आयोजना प्रमुखबाट स्थलगत निरीक्षण भएको।<br>• जिल्ला सुरक्षा समिति र आयोजनाको प्रवन्ध निर्देशकबीच खोज तथा उद्धार कार्य तत्कालको लागि आवश्यक नभएको भनि निर्णय भएको।<br>• हाकुबेशीस्थित अडिट1 टनेलमा आयोजनाका प्रतिनिधिसहित नेपाली सेना-५ जनाको टोलीले टनेलको २०० मिटरभित्रसम्म खोजतलास गर्दा केही पनि फेला नपरेको।<br>• माथिल्लो त्रिशुली Audit3 मा Thermal Drone सहित खोज तथा उद्धार कार्य गरेको।<br>• कोरियन टिमद्धारा आवास तथा अफिस ईलाकामा ड्रोन रेकी गरेको।<br>• Audit3 बाट Audit1 जाने बाटो १२०० मि. Clear गरेको।<br>• नेपाली सेना र चिनियाँको संयुक्त टोलीले आयोजनाको Adit3 मा Manually रुपमा खोजतलास गरेको।<br>• नेपाली सेनाको हवाई साधनबाट एस्काभेटरको बडी आयोजनास्थल लगिएको।<br>• आयोजनाको हाकुबेशीस्थित अडिट३ टनेलभित्र (ढलान गर्नको लागि डण्डीको जाली बुनिएको संरचनामा) शवहरु अल्झिएर रहेको अवस्थामा फेला पारेकोमा शव निकाल्नको लागि Grinder-३, ग्याँस कटर-१ र Rotary Rescue Saw-२ प्रहाकुबेशीस्थित अडिट1 टनेलमा आयोजनाका प्रतिनिधिसहित नेपाली सेना-५ जनाको टोलीले टनेलको २०० मिटरभित्रसम्म खोजतलास गर्दा केही पनि फेला नपरेको।<br>• माथिल्लो त्रिशुली Audit3 मा Thermal Drone सहित खोज तथा उद्धार कार्य गरेको।<br>• कोरियन टिमद्धारा आवास तथा अफिस ईलाकामा ड्रोन रेकी गरेको।<br>• नेपाली सेना र चिनियाँको संयुक्त टोलीले आयोजनाको Adit3 मा Manually रुपमा खोजतलास गरेको।<br>• नेपाली सेनाको हवाई साधनबाट एस्काभेटरको बडी आयोजनास्थल लगिएको।<br>• आयोजनाको हाकुबेशीस्थित अडिट३ टनेलभित्र (ढलान गर्नको लागि डण्डीको जाली बुनिएको संरचनामा) शवहरु अल्झिएर रहेको अवस्थामा फेला पारेकोमा शव निकाल्नको लागि Grinder-३, ग्याँस कटर-१ र Rotary Rescue Saw-२ प्रयोग गरी ६ वटा शव निकालिएको।<br>• Grinder, ग्याँस कटर र Rotary Rescue Saw प्रयोग गरी फलाम काटी करिब २००० मिटरसम्म टनेल Clear गरी ३१ वटा शव निकालिएकोमा १३ वटा शव अडिट३ बाट त्रिशुली असोज ४ गते लैजाने योजना रहेको।<br>• निरन्तर फलाम काटी Search and Rescue को कार्य भईरहेको। |
| त्रिशुली ३ ए (६० मे.वा.) | • टनेल र पावर हाउस इलाकामा खोजतलास गरेको। खोजीको क्रममा केही पनि फेला नपरेको।<br>• अविरल वर्षाको कारण टनेल वरिपरिबाट माटो तथा गेग्र्यान बगेर टनेलको मुख (करिब ४ फिट) बन्द भएको हुँदा खोल्ने कार्य भएको।<br>• सुरक्षा निकाय र आयोजनाका प्रतिनिधिहरुको संयुक्त टोलीले टनेल, पावर हाउस र आसपासको इलाकामा खोजतलास गरेकोमा केही पनि फेला नपरेको।<br>• खोज तथा उद्दार कार्य निरन्तर रुपमा भइरहेको। |
| त्रिशुली ३ बी (३७ मे.वा.) | • नदीको सतहभन्दा करिब २ मिटर गहिराईसम्म निरन्तर रुपमा उत्खनन गर्दा आयोजनाको कार्यालय भवनको जग फेला परेको तर आवास इलाका (A1, A2, B1, B2 र D भवन) को कुनैपनि संरचना फेला नपरेको।<br>• टनेलको Inlet मा पानी बगिरहेको, Audit1 476 मिटर र Audit2 २.७ कि.मि. Clear भएको।<br>• पावर हाउस भएको स्थानमा उत्खनन गर्दा केही पनि फेला नपरेको।<br>• पावर हाउसको भित्ता ईलाकामा उत्खनन गर्ने कार्य भईरहेको। |

## मित्रराष्ट्रहरुबाट खट्टिएका खोज तथा उद्धार टिम

| सि.नं. | देश | खट्टिएको संख्या | विवरण | हालको अवस्था |
|---|---|---|---|---|
| १ | चीन | २४ | Tunnel Experts-८ | आश्विन १ गते काठमाडौं फिर्ता |
| | | | Forensic-१५ | |
| २ | भारत | ५४ | भारतीय सेना-२४ | आश्विन १ गते काठमाडौं फिर्ता |
| | | | NDRF-११ | |
| | | | Forensic Experts-१९ | |
| ३ | दक्षिण कोरिया | ३९ | KDRT-३९ | भाद्र २६ गते स्वदेश फिर्ता |
| | | ४ | KDRT-४ | आश्विन १ गते काठमाडौं फिर्ता |
| ४ | यु.ए.ई | १३ | Tunnel expert | भाद्र ३१ गते स्वदेश फिर्ता |
| ५ | मलेसिया | १० | Drone expert | भाद्र २७ गते स्वदेश फिर्ता |
| ६ | अस्ट्रेलिया | २६ | Drone expert-१९ | भाद्र २९ गते स्वदेश फिर्ता |
| | | | Forensic-७ | |
| | **जम्मा** | १७० | | |

## हवाई उडान संख्या (हालसम्मः १८३८)

### भदौ महिनामा





### असोज महिनामा

| मिति (गते) | १ | २ | ३ |
|---|---|---|---|
| उडान संख्या | ५७ | ४२ | ४५ |

## शव व्यवस्थापन तथा संकलित DNA नमूना सम्बन्धित विवरण

### जिल्लागत उद्धार र जमिनमुनि सुरक्षित भण्डारण गरिएका शव

- कुल उद्धार गरिएका शवः १,४११
- जमिनमुनि सुरक्षित भण्डारणः १,२९२
- परिवारलाई हस्तान्तरणः ११०




जिल्लागत उद्धार र जमिनमुनि सुरक्षित भण्डारणको तुलना

### DNA परीक्षण भई रहेका फरेन्सिक प्रयोगशाला

- नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला, समाखुसी, काठमाडौंमा परीक्षणका लागि प्राप्त नमूनाः १,९४९
- राष्ट्रिय विधि विज्ञान प्रयोगशालामा परीक्षणका लागि प्राप्त नमूनाः १,७२८

### अन्तर्राष्ट्रिय विधि विज्ञान विशेषज्ञ टोली

नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला:

- भारत – १०
- सिंगापुर- २
- कोरिया-६

राष्ट्रिय विधि विज्ञान प्रयोगशाला

- भारत – ९
- चीन-१५

### रसुवा बाढीसँग सम्बन्धित अपराध व्यवस्थापन

| मिति | जिल्ला | घटना | व्यवस्थापनमा भएको कार्य |
|---|---|---|---|
| ११ भदौ, २०८१ | चितवन | नारायणी नदीबाट उद्धार गरिएको बाढी पीडितको शवबाट धनमाल निकालिएको भिडियो सामाजिक सञ्जालमा भाइरल भएको थियो। | २ पक्राउ |
| १२ भदौ, २०८१ | धादिङ | शिशुली नदी किनारमा बाढीले बगाएको तिजोरी फोरी भीडले नगद लुटेको थियो। | २९ नियन्त्रणमा रु. ९२,६८,५०५ बरामद |
| १६ भदौ, २०८१ | काठमाडौं | संदिग्धले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषका नाममा झुटो चन्दा उठाएको र प्रहरीलाई बाधा पुऱ्याएको थियो। | १ पक्राउ |
| २२ भदौ, २०८१ | साइबर ब्युरो | संदिग्धले बाढी दुर्घटनालाई लिएर जातजातिलाई होच्याउने तथा अपमानित गर्ने भिडियो फेसबुकमा राखेको थियो। | १ पक्राउ विद्युतीय कारोबार ऐन |
| २२ भदौ, २०८१ | साइबर ब्युरो | सामाजिक सद्भाव खलबल्याउने १७३ वटा पोस्ट विभिन्न प्लेटफर्ममा चिन्ह लगाइयो; ८८ वटा हटाइयो। | १७३ चिन्हित • ८८ हटाइयो |
| २६ भदौ, २०८१ | धादिङ (जि.प्र.का.) | बाढीमा हराएका सुनका गहना स्थानीय बासिन्दाले फेला पारी लुकाएको र पछि बरामद गरिएको थियो। | १ नियन्त्रणमा • गहना बरामद |

## भग्नावशेष व्यवस्थापन

- देवीघाट क्षेत्रमा ३ वटा एक्स्काभेटर, ३ वटा ब्याकहो लोडर र ३ वटा टिपर परिचालन गरिएको छ।
- ढुङ्गे क्षेत्रमा ३ वटा एक्स्काभेटर, २ वटा ब्याकहो लोडर र २ वटा टिपर परिचालन गरिएको छ।
- त्रिशुली क्षेत्रमा एउटा एक्स्काभेटर र एउटा टिपर तथा गल्छी क्षेत्रमा २ वटा एक्स्काभेटर र एउटा टिपर परिचालन गरिएको छ।
- भग्नावशेष व्यवस्थापन तथा हटाउने कार्यका लागि कार्यविधि (SOP) तयार गर्ने, संयुक्त स्थलगत भ्रमण गर्ने तथा तत्कालीन, अल्पकालीन र दीर्घकालीन पुनर्स्थापना तथा पुनर्निर्माणको अवधारणागत खाका तयार गर्ने विषयमा छलफल तथा योजना तर्जुमा गरिएको छ।

## सडक, पुल तथा यातायात क्षेत्र

### पृथ्वी राजमार्ग

- मुग्लिङ -मलेखु खण्ड: कृष्णभीरमा असोज १ गते बिहान ६ बजेबाट दुईतर्फी यातायात सञ्चालनमा रहेको छ।
- फिसलिङ पुल हुँदै बेनीघाट पुल निस्कने वैकल्पिक मार्गको काम सुरु गर्न ठेक्का प्रक्रियमा रहेको छ।
- ज्यामिरेघाट- चौकीभीरमा असोज १ गते बेलुकाबाट यातायात अबरुद्ध भएकोमा असोज २ गते बिहानबाट यातायात सुचारु भएको छ।
- शितल बजारस्थित सडक एकतर्फी मात्र सञ्चालनमा रहेको छ। शितलबजार (कृष्णभीर) एरियामा Hard Rock Blasting को लागि नेपाली सेनालाई अनुरोध भई आए बमोजिम आवश्यक प्रक्रिया पूरा गरी Blasting को कार्य भइरहेको।

### वैकल्पिक मार्गहरू (काठमाडौँ प्रवेशका लागि):

१. आबुखैरेनी → १२ किलो → मसानेठाँटी → खहरे → निवेल → ग्याम्पेशाल → आरुघाट → सल्यानटार → धादिङबेसी → परेवाटार → गजुरीटार → मासटार → काठमाडौँ

२. आबुखैरेनी → १२ किलो → मसानेठाँटी → खहरे → निवेल → ग्याम्पेशाल → आरुघाट → सल्यानटार → धादिङबेसी → सुनौलाबजार → कल्लेरी → मासटार → काठमाडौँ

३. आबुखैरेनी → १२ किलो → मसानेठाँटी → खहरे → निवेल → ग्याम्पेशाल → आरुघाट → बेनीघाट → काठमाडौँ।

### त्रिभुवन राजमार्ग

- नागढुङ्गा र पातालेवन नजिक गएको पहिरोका कारण सडक अवरुद्ध भई एकतर्फी सञ्चालनमा रहेको। नागढुङ्गा सुरुङमार्गबाट यातायात सञ्चालन निरन्तर रहेको छ।

### गल्छी -देविघाट- ढुङ्गे- त्रिशुली खण्ड

- गल्छी -देविघाट- ढुङ्गे- त्रिशुली खण्ड: सडक अवस्था सञ्चालनयोग्य/क्लियर रहेको छ। कोल्फु पुलमा साधारण मर्मत पश्चात एक लेनमा गाडी संचालन रहेको।
- रातमाटे खण्डमा नदी कटान भई पूर्णरूपमा क्षति भएको करिब १०० मिटर सडकखण्डमा Roadway Excavation तथा Track Opening कार्य सम्पन्न गरी सडक यातायातका लागि खुला गरिएको
- ठूलो खोला खण्डमा जमेको करिब २–३ मिटर बाक्लो लेदो हटाई यसअघि नै सडक सुचारु गरिएको साथै, ठूलोखोला–काशीटार–देवीघाट क्षेत्रमा सडकको Debris Clearance कार्यसमेत सम्पन्न भइसकेको
- यससँगै गल्छीबाट देवीघाट हुँदै बट्टार, विदुर, त्रिशुली र गेर्खुसम्म यातायात सञ्चालन सुचारु भएको।

### विदुर - बेत्रावती खण्ड

- कूल १० किमिमध्ये ९.२ किमि सडक खुला (Clear) बाँकी ०.८ किमि पूर्ण रूपमा बगाएको जस मध्ये ०.५ किमि कडा चट्टान काटी सडक तयार गर्ने कार्य भइरहेको र ग्राभेल गर्ने कार्य भइरहेको छ र नेपाली सेनाको समन्वयमा Blasting गर्ने गरी तयारीमा रहेको। नयाँ र पुरानो ट्र्याकमा पहिरो तथा दलदलको समस्या कायमै। बेत्रावतीमा Bailey Bridge को लागी जग खन्ने कार्य भइरहेको।

### भैंसे–बेत्रावती सडक खण्ड

- करिब २.५ कि.मि. Track Opening कार्य सम्पन्न भएको।
- सडकलाई ६ मिटर चौडाइमा तयार गर्ने तथा Graveling गर्ने कार्य भइरहेको।
- आवश्यक स्थानमा Hume Pipe जडान तथा कच्ची नाली निर्माण कार्य भइरहेको।
- उत्तरगया स्कुल–बेत्रावती पुल खण्डमा करिब ३०० मिटर Rock Cutting कार्य बाँकी रहेकोमा हाल भइरहेको।
- बेत्रावतीतर्फ करिब ५०० मिटर Debris Clearance कार्य भइरहेको, जहाँ केही स्थानमा Debris को उचाई करिब ३–४ मिटर रहेको।
- बेत्रावती Bailey Bridge को Design सम्पन्न भई foundation works सुरु गरिएको।
- असोज २ गते बेत्रावती नदीमा एक्रो पुल जडानका लागि आवश्यक पार्टपुर्जा बारास्थित नेपाली सेनाको नं. २८ बाहिनी अड्डामा लोड गर्ने कार्य सम्पन्न भएको छ। ती सामग्री ढुवानीका लागि सडक विभागसँग समन्वय भइरहेको छ।

### धादिङ र रसुवा जोड्ने वैकल्पिक मार्गहरू

- धादिङ जोड्ने मार्ग: धादिङबेसी -परेवाटार - नेपालटार - गजुरीटार - पिपलटार - आदमतार - वेलिनटार - केउरिनीटार हुँदै मासटार (ह्याम्लेट रेष्टुरेण्ट) पृथ्वी राजमार्ग जोड्ने सडक सञ्चालनमा आई सदरमुकाम सडक सञ्जालमा जोडिएको (सडक विभागबाट मर्मत जारी)।
- रसुवा जोड्ने मार्ग: त्रिशुली-बेत्रावती खण्ड क्षतिग्रस्त भएकाले ढिकुरे (मध्य पहाडी राजमार्ग) - फेदी बेसी चोक - हिरामुनिटार - चोगते - बोरे भञ्ज्याङ - सानो खोला (रसुवा) -धनस्वारा - भोर्ले - जिबजिबे -बोगटीटार (पासाङ ल्हामु राजमार्ग) सडक डिभिजनमार्फत मर्मत भइरहेको। यातायात संचालन भइरहेको छ।

।

### देविघाट पुलको विकल्प र त्रिशुली नदी पारिको खण्ड

- देविघाट पुलको विकल्प: पिपलटार (गल्छी त्रिशुली राजमार्ग) - पासाङ ल्हामु राजमार्ग - धमले - निरञ्जना - बाघखोर-हर्रे- देउराली - कोल्पुटार (गल्छी त्रिशुली राजमार्ग) सडक चालु अवस्थामा रहेको र मर्मत कार्य समेत जारी।
- त्रिशुली नदी पारिको खण्ड: नुवाकोटको त्रिशुली नदी पारिको भूभाग जोड्न गल्छी (गल्छी त्रिशुली राजमार्ग) - त्रिशुली पुल पारिबाट त्रिशुली नदीको दायाँ किनारतर्फ कल्लेरीटार - कोशीखोला - पिमलटार - दर्शनटार - छत्रेखोला -गौरीबेसी -त्रिशुली बजार चालु अवस्थामा रहेको र मर्मत भइरहेको।


### झोलुङ्गे पुल तथा तुइन (रोप क्रसिङ)

- देवीघाट, इन्द्रेणी चौर र स्याफ्रुबेँसी गरी ३ स्थानमा तुइन निर्माण कार्य सम्पन्न भइसकेको छ। हाकुबेँसी र पैरेबेँसीमा थप २ वटा तुइनहरू शीघ्र जडान गर्ने कार्य अगाडि बढाइएको छ।
- असोज महिनाभित्र कुल २० वटा झोलुङ्गे पुलको मर्मत सम्पन्न गर्ने लक्ष्य रहेको छ। पाँचवटा पुलको मर्मत भइरहेको छ भने बाँकी १५ वटा पुलको मर्मतका लागि ठेक्का प्रक्रिया अगाडि बढाइएको छ।
- अति आवश्यक नयाँ झोलुङ्गे पुलहरूको डिजाइन र निर्माण कार्यको टेन्डर प्रक्रिया शीघ्र अगाडि बढाउने कार्य भइरहेको छ।

## अस्थायी आवास तथा बसोबास

- भदौ २३ देखि ३१ गतेसम्म गरिएको एक सर्वेक्षणले होल्डिङ सेन्टरमा रहेका २,०२७ बाढी प्रभावित घरधुरीहरूको अस्थायी आवास आवश्यकताको मूल्याङ्कन गरेको थियो: जसमध्ये नुवाकोटमा १,५५७, रसुवामा ३९७, धादिङमा ७२ र चितवनमा एक घरधुरी रहेका छन्।
- सर्वेक्षण गरिएका घरधुरीहरूमध्ये ८०.६% ले सरकारद्वारा सहयोग प्राप्त अस्थायी आवासमा बस्ने इच्छा व्यक्त गरेका छन् भने ६६.९% ले सरकारी सहयोगमा बहाल (भाडा) को आवास व्यवस्थापन गर्न इच्छुक रहेको जनाएका छन्।
- केवल २५.३% घरधुरीले मात्र अस्थायी आवासका लागि आफूसँग आफ्नै जग्गा उपलब्ध रहेको बताएका छन् भने ८.०% ले बाढी प्रभावित क्षेत्रबाहिर वैकल्पिक घर रहेको बताएका छन्।

- सर्वेक्षण गरिएका कुल १,७७६ घरधुरीले आफ्नो घरमा पूर्ण क्षति पुगेको, २१८ ले आंशिक क्षति भएको र ३३ घरधुरीले सडक पहुँच अवरुद्ध भएको जनाएका छन्।
- औसत घरधुरी सङ्ख्या ४.७७ जना रहेको थियो। सर्वेक्षण गरिएकामध्ये ३ देखि ६ जना सदस्य रहेका घरधुरीहरू ७४.६% रहेका थिए भने ९ जना वा सोभन्दा बढी सदस्य रहेका घरधुरी ५.१% रहेका थिए।
- होल्डिङ सेन्टर (१२ भदौ देखि हालसम्म)।




## शिक्षा क्षेत्र

- अस्थायी सिकाइ केन्द्र (TLC) स्थापना: कुल ३५ वटा अस्थायी सिकाइ केन्द्र (TLC) तथा कक्षाकोठाहरू स्थापना गरिएका छन् (नुवाकोट र धादिङमा ३१ वटा तथा नुवाकोटमा ४ वटा)।
- कुल २० थान प्रारम्भिक बालविकास किट र ३६ थान विद्यालय/शिक्षक किट उपलब्ध गराइएका छन् भने विद्यार्थी किट प्रभावित तथा निजी विद्यालयका विद्यार्थीहरू समेत गरी कुल २,३५९ थान किट वितरण गरिएको छ।
- भग्नावशेष हटाई, सरसफाइ र कीटाणुशोधन (disinfection) गरिसकेपछि धादिङका ६ वटा विद्यालयहरू पुनः सञ्चालनमा छन्। नुवाकोटका श्री रणभूवनेश्वरी मा.वि., सुलक्षणा मा.वि. (१३ कक्षाकोठा), विदुर-८ स्थित भैरूम मा.वि. (९ कक्षाकोठा) र त्रिशुली आधारभूत विद्यालयमा सरसफाइ तथा कीटाणुशोधन सम्पन्न भएको छ।
- गल्छीस्थित 'सक्सेस एकेडेमी' का १५९ जना बालबालिकाहरूमा मनोसामाजिक परामर्श सेवा पुऱ्याइएको छ। द्रुत आवश्यकता आकलन (RDNA) समेटिएका ३१ वटा विद्यालयहरूका लागि मनोसामाजिक परामर्श टोलीहरू परिचालन गरिएका छन् र रसुवा तथा नुवाकोटका १६ वटा विद्यालयहरूमा फोकल शिक्षकहरू तोकिएका छन्।
- अस्थायी शिक्षण केन्द्रहरूका लागि सीमित जग्गा/स्थान हुनु चुनौतीको रूपमा रहेको छ। सुरक्षित स्थानहरूको पहिचान गर्नका लागि स्थानीय सरकार र विद्यालयहरूलाई अनुरोध गरिएको छ।

## विद्युत् तथा ऊर्जा पुनर्स्थापना

**विद्युत् आपूर्ति पुनर्स्थापना:**

- रसुवा जिल्लाको गोसाइँकुण्ड गाउँपालिका वडा नं. १ स्थित दाहालफेदीका ४६ घरधुरी र वडा नं. ३ स्थित लिङलिङका ४० घरधुरी बाहेक अन्य सबै स्थानमा विद्युत् आपूर्ति पूर्ण रूपमा सुचारु भइसकेको छ।
- विद्युत् आपूर्ति पुन: सञ्चालन हुन थप समय लाग्ने क्षेत्रहरूमा वैकल्पिक ऊर्जाका लागि सोलार पावर प्रणाली वितरण भइरहेको छ।

**इन्धन मौज्दात तथा आपूर्ति व्यवस्थापन:**

- नुवाकोट स्टेसनमा २३,००० लिटर पेट्रोल, ६०,००० लिटर डिजेल र ९,००० लिटर हवाई इन्धन मौज्दात रहेको छ।
- रसुवा बाढीपछिको उद्धार तथा राहत उडानका लागि हालसम्म नुवाकोट स्टेसनबाट कुल १,५०,००० लिटर हवाई इन्धन खपत भएको छ।

**खाना पकाउने ग्यास आपूर्ति:**

- रसुवा जिल्लामा निजी व्यवसायीहरूमार्फत ११० वटा र अनुदान स्वरूप ७० वटा गरी कुल १८० वटा एलपीजी ग्यास सिलिन्डर प्रभावित क्षेत्रमा पुऱ्याइएको छ।

## सञ्चार क्षेत्र

- नेपाल टेलिकमका १२० मध्ये ११७ वटा र एनसेलका ७८ मध्ये ७५ वटा बीटीएस (BTS) टावरहरू सञ्चालनमा रहेका छन्।
- नेपाल टेलिकमका टिमुरे, चिलिमे खोला र त्रिशुली ३बी स्थित साइटहरू अझै सुचारु हुन सकेका छैनन्। एनसेलको टिमुरेस्थित साइट पनि सुचारु हुन सकेको छैन भने उत्तरगया-१, तिरूस्थित साइट विद्युत समस्याका कारण प्रभावित छ। सम्भव भएसम्म नजिकैका सञ्चालनमा रहेका टावरहरूबाट सेवा उपलब्ध गराउने व्यवस्था मिलाइएको छ।
- ट्रान्सफर्मरमा आएको समस्याका कारण एनसेलको रसुवाको गोत्लाङ (१) र गोल्जुङ (१) रहेको साईट डाउन भएको। नयाँ ट्रान्सफर्मर हेलि मार्फत लानुपर्ने देखिएको।
- रसुवा जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रमा दुई वटा र नुवाकोट जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रमा एक वटा टेलिफोन लाइनले १२३४ आपत्कालीन हटलाइनमा पहुँचलाई सुदृढ बनाएका छन्।
- निम्न राहत शिविर तथा होल्डिङ सेन्टरहरूमा निःशुल्क वाइफाइ (Wi-Fi) इन्टरनेट सेवा निरन्तर रुपमा उपलब्ध गराई रहिएको छ:
  - भैरूम माध्यमिक विद्यालय, हात्तिगौडा, विदुर-८
  - चन्द्रज्योति माध्यमिक विद्यालय, पिपलटार, विदुर-५
  - त्रिशुली होल्डिङ सेन्टर
  - मुस्ताङ गुम्बा, स्वयम्भू
  - निलकण्ठ स्कुल होस्टेल, रसुवा
  - सुलक्षणा स्कुल होल्डिङ सेन्टर, विदुर-९
- कुल २९ थान भूउपग्रह इन्टरनेट टर्मिनल प्रयोगको व्यवस्था मिलाइएकोमा हाल सम्म १२ थान जडान भई सञ्चालनमा आएका छन्: राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA) मा १, नुवाकोटमा ७ र रसुवामा ४।
- भौगोलिक विकटता, पूर्वाधार क्षति तथा विद्युत अभावका कारण प्रभावित एवं दुर्गम क्षेत्रहरूमा प्राविधिक उपकरण तथा इन्धन ढुवानीमा अझै जटिलता कायम रहेको छ। विद्युत सेवा उपलब्ध नभएका स्थानहरूमा इन्धन पुऱ्याउनका लागि हेलिकप्टर सहयोग आवश्यक रहेको छ।
- ट्रान्सफर्मरमा समस्या आएका कारण डाउन भएका रसुवाका गोत्लाङ र गोल्जुङमा नयाँ ट्रान्सफर्मर ढुवानी गर्न हेलिकोप्टरको सहयोग आवश्यक परेको छ।

## स्वास्थ्य क्षेत्र

- रसुवा जिल्लाबाट प्राप्त विवरण अनुसार विभिन्न ९ वटा होल्डिङ सेन्टरमा ७९४ जना, नुवाकोट जिल्लाका ११ वटा होल्डिङ सेन्टरमा ४२७ जना र धादिङ जिल्लाका ४ वटा होल्डिङ सेन्टरमा १२१ जना प्रभावितहरूले आश्रय लिइरहेका छन्। कुल २४ वटा होल्डिङ सेन्टरमा १३४२ जना प्रभावितहरू आश्रय लिइरहेका छन्।
- आपत्कालीन स्वास्थ्य सेवा: क्षेत्रमा कुल ६ वटा आपत्कालीन स्वास्थ्य टोलीहरू (Emergency Medical Teams) सक्रिय रहेका छन् (नेपाल एपीएफ अस्पतालका ५ वटा र इपिआई नर्स नेपालको १ टोली)। आपत्कालीन स्वास्थ्य टोलीहरूले पछिल्लो २४ घण्टामा ७१ जनासहित हालसम्म कुल ८,०६६ जनालाई सेवा/केस व्यवस्थापन प्रदान गरेका छन्।
- होल्डिङ सेन्टरमा स्वास्थ्य सेवा: कुल २७ वटा होल्डिङ सेन्टरहरूमा स्वास्थ्य सेवाहरू उपलब्ध गराइरहेका छन्: रसुवामा ६, नुवाकोटमा

## स्वास्थ्य संस्थाहरूमा उपचाररत घाइतेहरूको विवरण

| स्वास्थ्य संस्थाको नाम | जम्मा | उपचाररत | रेफर गरिएको | डिस्चार्ज भएको | मृत्यु |
|---|---|---|---|---|---|
| १. रसुवा जिल्ला अस्पताल, धुन्चे | ८१ | - | २७ | ५३ | १ |
| २. त्रिशूली अस्पताल, बिदुर, नुवाकोट | १८ | - | १ | १६ | १ |
| ३. आयुर्वेदिक अस्पताल, पिपलटार, नुवाकोट | २० | - | - | २० | - |
| ४. राष्ट्रिय ट्रमा सेन्टर, महाबौद्ध | ५१ | ३ | १ | ४६ | १ |
| ५. श्री वीरेन्द्र अस्पताल, छाउनी | ४ | १ | - | ३ | - |
| ६. टिचिङ अस्पताल (TUTH), काठमाडौं | ८३ | ८ | १ | ७३ | १ |
| ७. NAMS/वीर अस्पताल, महाबौद्ध | २७ | - | १ | २६ | - |
| ८. पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, ललितपुर | ३ | २ | - | १ | - |
| ९. परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल, थापाथली | २४ | - | - | २४ | - |
| १०. नेपाल एपीएफ अस्पताल, बलम्बु | ८ | - | - | ८ | - |
| ११. मनमोहन मेमोरियल मेडिकल कलेज तथा शिक्षण अस्पताल, स्वयम्भू | ३ | - | - | ३ | - |
| १२. नर्भिक इन्टरनेशनल अस्पताल, थापाथली | ३ | - | - | ३ | - |
| १३. शुभम इन्टरनेशनल अस्पताल, मनमैजु | ३ | - | - | ३ | - |
| १४. ग्रीनसिटी अस्पताल, टोखा | ४ | - | १ | ३ | - |
| १५. ह्याम्स अस्पताल, धुम्बाराही | १ | - | - | १ | - |
| १६. चिरायु राष्ट्रिय अस्पताल | ४ | - | - | ४ | - |
| १७. ग्रान्डे इन्टरनेशनल अस्पताल, टोखा | ३ | - | - | ३ | - |
| १८. बी एण्ड बी, ग्वार्को | ३ | १ | - | २ | - |
| १९. धादिङ अस्पताल प्रा. लि., आदमघाट, गजुरी | १ | - | - | १ | - |

१५, धादिङमा ३ र काठमाडौँमा ३ वटा। पछिल्लो २४ घण्टामा ८४८ वटा स्वास्थ्य सेवाहरूसहित हालसम्म कुल ८,५०९ वटा स्वास्थ्य सम्बन्धी सेवाहरू प्रदान गरिएको छ। (पछिल्लो २४ घण्टामा जिल्लागत सेवा: रसुवामा ८०, नुवाकोटमा ३५९, धादिङमा ५५ र काठमाडौँमा ३५४)।

- मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श: हालसम्म कुल ११,२५१ वटा सेवाहरू उपलब्ध गराइएको छ। पछिल्लो २४ घण्टामा जिल्लागत विवरण अनुसार कुल ४८३ वटा सेवाहरू प्रदान गरिएको छ, जसमा नुवाकोटमा २४६, रसुवामा ९७, धादिङमा १२७ र काठमाडौँमा १३ रहेका छन्।
- रोग निगरानी: पछिल्लो २४ घण्टामा १० वटा केसहरू दर्ता भएका छन्: रुघाखोकी सहितको ज्वरोका ६ केस, ज्वरोका ३ केस र एक्युट ग्यास्ट्रोएन्टेराइटिसको १ केस। ज्वरोसँगै डाबर आउने (fever-with-rash) वा जनावरले टोकेका (animal-bite) कुनै पनि केसहरू दर्ता भएका छैनन्। इन्फ्लुएन्जा द्रुत परीक्षण (rapid testing) को तयारी र जनस्वास्थ्य निगरानी कार्य निरन्तर जारी छ।
- एम्बुलेन्स तथा आपत्कालीन स्थानान्तरण सेवा: काठमाडौँका होल्डिङ सेन्टरहरूका लागि NAS एम्बुलेन्स सेवा स्ट्यान्डबाई राखिएको छ। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल (TIA) सिनामङ्गल परिसरमा आपत्कालीन स्थानान्तरणका लागि सामूहिक दुर्घटना वाहन (Mass-casualty vehicle) स्ट्यान्डबाई राखिएको छ।
- फोरेंसिक सेवा: फेला परेका अवशेषहरूको परीक्षण र व्यवस्थापनका लागि हाल ४ वटा फोरेंसिक टोलीका १२ जना जनशक्ति क्षेत्रमा निरन्तर सक्रिय रहेका छन्। (कुल खटाइएका ३३ टोली र ५३ जनशक्तिमध्ये)।
- अपाङ्गता व्यवस्थापन तथा पुनर्स्थापना सेवा: भोटेकोशी बाढी प्रभावित क्षेत्रमा १६० जना अपाङ्गता भएका व्यक्तिहरूको पहिचान/आकलन गरिएको छ। हालसम्म २२० भन्दा बढी सहायक उपकरणहरू वितरण गरिसकिएको छ र अपाङ्गता हेल्प डेस्क स्थापना गरिएको छ। ५३ जनालाई पहुँचयोग्य अस्थायी आवास र WASH सेवाको तत्काल आवश्यकता रहेको छ।
- स्वास्थ्य सामग्री आपूर्ति: विभिन्न स्वास्थ्य संस्थाहरूका लागि कुल १,११,५०२ इकाइ औषधि तथा स्वास्थ्य सामग्रीहरू पठाइएको छ। जसमा १,०८,००० क्लोरिन ट्याब्लेट, १,००० मलेरिया RDT, ९०० डेङ्गु टेस्ट किट, ७०० स्क्रब टाइफस टेस्ट किट आदि रहेका छन्।

बाढी प्रभावित वरिष्ठ नागरिकका लागि Nepal Senior Care लाई १ थान ह्विलचेयर उपलब्ध गराइएको छ।

- नेपाली सेनाको तर्फबाट खटिएका Medical टिम द्वारा हालसम्म ३९९९ जनाको उपचार गरिएको।

## खानेपानी, सरसफाइ तथा स्वच्छता

- बैरेनी बजार, गल्छी-६: करिब २०० घरधुरीका ५५० भन्दा बढी मानिसहरू लाभान्वित हुने गरी खानेपानी आपूर्ति पुनःसञ्चालन भएको छ। १,७०० मिटरभन्दा बढी एचडीपीई (HDPE) पाइप, भण्डारण ट्याङ्की र सबमर्सिबल पम्पहरूले हालको सञ्जालमार्फत वितरणलाई सहयोग पुऱ्याएका छन्।
- खानेपानीको गुणस्तर अनुगमन: संयुक्त टोलीहरूले नुवाकोट र चितवनमा होल्डिङ सेन्टरहरूमा तथा मुहानदेखि धारासम्मै पानीको परीक्षण सुरु गरेका छन्। विदुर खानेपानी समितिलाई पानी परीक्षण गर्ने उपकरण र विज्ञ सहयोग प्राप्त भएको छ।
- आपत्कालीन खानेपानी आपूर्ति: ६,००० लिटर क्षमताका दुईवटा र ९,००० लिटर क्षमताको एकवटा गरी तीनवटा ट्याङ्करहरूले प्रभावित क्षेत्रहरूमा सुरक्षित खानेपानी निरन्तर वितरण गरिरहेका छन्।
- विदुर: वडा नं. १० को गेर्खुतार पुछारटोलमा खानेपानीको ट्याङ्की जडान गरिएको छ। कोलोनी क्षेत्रमा ट्याङ्करमार्फत पानी आपूर्ति भइरहेको छ भने डाँडाचौतारास्थित अस्थायी शिविरमा ब्लाडर ट्याङ्की (bladder tank) जडान गरिएको छ।
- खानेपानी तथा सरसफाइ डिभिजन नुवाकोट मार्फत केन्द्रीय कारागार, विदुर खानेपानी उपभोक्ता संस्था, कालीखोला तथा बेलकोटगढी क्षेत्रका विभिन्न योजनाहरू सञ्चालन गर्न कुल ९,५०० मिटर पाइप वितरण भई जडान तथा पानी सञ्चालन कार्य भइरहेको।
- जनसेवा आधारभूत विद्यालय आश्रयस्थल, बेलकोटगढी-८: सुधार कार्यअन्तर्गत बत्तीको सुविधासहितको पुरुषहरूका लागि अस्थायी नुहाउने ठाउँ, १,००० लिटरको ट्याङ्की र हात धुने बेसिनको पुनर्स्थापना तथा धारा र प्लम्बिङको मर्मत गरिएको छ।
- चण्डी आधारभूत विद्यालय होल्डिङ सेन्टर: ६,००० लिटरको ट्याङ्की र पानी शुद्धीकरण प्रणाली जडान गरिएको छ।
- विदुर खानेपानी: जाइका (JICA) ले थप तीनवटा १००-kVA भोल्टेज स्टेबलाइजर उपलब्ध गराएको छ।
- सिद्धलेक, धादिङ: वडा नं. ७ स्थित महाकाली माध्यमिक विद्यालयका ४०० विद्यार्थी र वडा नं. ४ स्थित जलेश्वरी माध्यमिक विद्यालयका २४९ विद्यार्थीहरूका लागि खानेपानीको व्यवस्था गरिएको छ।

## महिला,बालबालिका,लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा

- बाढी प्रभावित १२४३ जनाले मनोसामाजिक प्राथमिक सहायता (Psychological First Aid)प्राप्त गरेका छन जसमध्ये २९९ बालिका,४९९ महिला २६१ पुरुष १० जना ज्येष्ठ नागरिक पुरुष समेत रहेका छन। हाल ६४ जना मनोसामाजिक परामर्शकर्ता र ४ वटा हेल्पलाईनबाट सेवा प्रदान गरिएको छ।
- मन्त्रालय अन्तरगतका सबै हटलाइन सेवाहरू १०४, १०९८, ११४५ र ११५५ लाई विपद् उद्धार तथा सहयोगका लागि प्रयोग गर्ने गरी व्यवस्थापन गरिएको छ।
- बाढी प्रभावित क्षेत्रका होल्डिङ सेन्टरहरुमा २३२ जना अभिभावक नभएका तथा परिवारबाट छुट्टिएका बालबालिका पहिचान गरिएका छन। ती मध्ये १८ जना बालबालिकालाई उनीहरुका परिवारसँग पुनर्मिलन गराइएको छ। बांकी अभिभावक विहीन तथा छुट्टिएका बालबालिकाहरुको पहिचान /परिचय प्रमाणीकरण तथा परिवारको खोजी,परिवार पुनर्मिलन तथा केश व्यवस्थापनको कार्य भइरहेको छ।
- बाढी प्रभावित महिला,किशोरी तथा बालिकाहरुको तत्कालीन संरक्षण तथा व्यक्तिगत सरसफाइ सम्बन्धी आवश्यकताहरुलाई सम्बोधन गर्न हाल सम्म ३२४२ मर्यादा किट (Dignity Kit) र  १४०० किशोरी किट (Adolescent Kit) वितरण गरिएको छ।
- बाढी प्रभावित जिल्ला नुवाकोट र धादिङका महिला तथा किशोरीहरुका लागि सुरक्षित र सहज पहुँचयोग्य वातावरण उपलब्ध गराउनका लागि ६ वटा महिला मैत्री स्थल (women-Friendly spaces) स्थापना गरिएको छ, ७ जना गर्भवती महिला र ७ जना स्तनपान गराइरहेका महिला सहित २४५ जना महिला तथा ५१ जना बालबालिकाले सेवा प्राप्त गरेका छन ।उक्त स्थलमा व्यक्तिगत तथा सामूहिक मनोसामाजिक परामर्श तथा मनोवैज्ञानिक प्राथमिक सहायता (Psychological First Aid)तथा मनोरञ्जनात्मक तथा Recreation का क्रियाकलापहरु सञ्चालन गरिएका छन।
- बाढी प्रभावित समुदायका शिशु तथा साना बालबालिकाहरुको तत्कालीन आवश्यकतालाई सम्बोधन गर्न जम्मा १५१६ बेबी प्याक (Baby Packs) वितरण गरिएको छ।

- बालबालिकाहरुको लागि Recreation का क्रियाकलापहरु खेल,मनोरञ्जनात्मक गतिविधि तथा मनोसामाजिक सहयोग सेवाहरु प्रदान गर्नका लागि १३ वटा स्थानमा बालमैत्री स्थल (Child-Friendly spaces)स्थापना तथा सञ्चालन भएका छन जसबाट ३२७ जना बालक र ३३१ जना बालिका गरी जम्मा ६५८ जना बालबालिकाहरु लाभान्वित भएका छन ।
- मानव बेचबिखनको जोखिम, महिला तथा बालबालिकाको असुरक्षित आवागमन जस्ता गतिविधि हुन नदिनका लागि नेपाल प्रहरीको समन्वयमा सीमा क्षेत्र,आवागमन स्थल,जाँचचौकी,होल्डिङ सेन्टर तथा अन्य महत्वपूर्ण स्थानहरुमा निगरानी बढाएको छ।
- विदुर नगरपालिका तथा विभिन्न संघसंस्थाको समन्वयमा सञ्चालित निःशुल्क स्वास्थ्य शिविरबाट स्वास्थ्य सेवा लिने २०० जना जसमध्ये १०१ जना ज्येष्ठ नागरिकले सेवा प्राप्त गरेका छन्। साथै, ज्येष्ठ नागरिक तथा परिवारका सदस्यलाई मनोसामाजिक परामर्शसमेत उपलब्ध गराइएको छ।
- विपद्का कारण सडक तथा यातायात सम्पर्क अवरुद्ध भएका स्थानीय तहमा ज्यान जोखिममा रहेका गर्भवती, सुत्केरी महिला तथा नवजात शिशुको हवाई उद्धारगर्न सकिने व्यवस्था गरिएको छ। यसअन्तर्गत हालसम्म २ जना जटिल प्रसूति अवस्थाकी महिला तथा नवजात शिशुको हवाई उद्धार गरी परोपकार प्रसूति गृहमा उपचारका लागि ल्याइएको छ।
- समाज कल्याण परिषद्बाट प्राप्त विवरण अनुसार हालसम्म ४५ वटा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले कुल रू. ३७ करोड १४ लाख ८७ हजार ९८६ बराबरको राहत सामग्री सहयोग गरेका छन्। हालसम्म अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले नगद रू. ३ करोड ९९ लाख ९० हजार ५७७ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र प्रधानमन्त्री राहत कोषमा रकम जम्मा गरेका छन् । त्यस्तै हालसम्म २४ वटा राष्ट्रिय गैरसरकारी संस्थाले कुल रू. १२ करोड ९१ लाख ३४ हजार ९०२ बराबरको सहयोग गरेका छन्। यसका साथै, राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट हालसम्म नगद रू. ७२ लाख ७२ हजार ४२५ प्रधानमन्त्री राहत कोषमा जम्मा भएको छ।
- विपद् प्रभावित क्षेत्रमा विपद् प्रतिकार्य सम्बन्धित कार्य गर्नका लागि अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरूलाई छोटो प्रक्रियाबाट सम्झौता गर्न मिति २०८३ असोज १५ सम्मका लागि समाजकल्याण परिषद्बाटै परियोजना सम्झौता गर्न सकिने गरी निर्णय गरिएको छ। जस अनुसार भदौ १५ देखि २२ गतेसम्म ५२ वटा संस्थाका ५५ वटा नयाँ परियोजना तथा २ वटा परियोजना संशोधन स्वीकृत भई कुल रु. ५० करोड ८१ लाख ६ हजार ८०० बराबरको स्रोत विपद् प्रतिकार्यका लागि परिचालन हुने व्यवस्था भएको छ।
- विपद् प्रभावित नागरिकको आत्मसम्मान, मर्यादा र गोपनीयताको संरक्षणलाई विशेष प्राथमिकता दिइएको छ। समाज कल्याण परिषद् मार्फत राहत वितरणका क्रममा पीडितको अनुमति बिना फोटो/भिडियो खिच्ने तथा धार्मिक वा व्यावसायिक प्रकृतिका लोगो, सन्देश वा प्रचारात्मक सामग्री प्रयोग/प्रकाशन नगर्न सम्बन्धित सबैलाई अनुरोध गरिएको छ।

## हालसम्म भएका मुख्य मुख्य समन्वय बैठकको विवरण (समयरेखामा)

| मिति | समय | बैठकको विवरण |
|---|---|---|
| भदौ १० | 8:45 AM | रसुवा जिल्ला विपद् व्यवस्थापन समिति (DDMC) र PMO |
| भदौ १० | 9:15 AM देखि निरन्नतर हालसम्म (नियमित) | मनसुन कमान्ड पोस्टको बैठक |
| भदौ १० | 11:00 AM | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन परिषद्को बैठक |
| भदौ १० | 12:30 PM | मन्त्रिपरिषद्को बैठक |
| भदौ १० | 01:00 PM | प्रभावित क्षेत्रका सांसद तथा जनप्रतिनिधि सँगको बैठक |
| भदौ १० | 6:00 PM देखि निरन्नतर हालसम्म (नियमित) | विषयगत मन्त्रालय, विभाग, निकाय तथा साझेदार संस्थाहरू सँगको प्रगति समीक्षा बैठक। |
| भदौ ११ | 11:00 AM | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनकार्यकारी समितिको (३५ औँ बैठक) बैठक |
| भदौ १२ | निरन्नतर हालसम्म (नियमित) | १८ वटा परिचालन टोली गठन र दैनिक रुपमा प्रगति समीक्षा बैठक। |
| भदौ २१ | 04:00 PM | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको (३६ औँ बैठक) बैठक |
| भदौ २४ | 04:00 PM | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको (३७ औँ बैठक) बैठक |
| भदौ २५ | 03:00 PM | उच्चस्तरीय समीक्षा बैठक (सम्माननीय प्रधानमन्त्रीको अध्यक्षतामा) -समग्र विपद् व्यवस्थापन र राहत परिचालनको उच्चस्तरीय समीक्षा। |
| भदौ २५ | 04:00 PM | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनकार्यकारी समितिको (३८ औँ बैठक) बैठक |
| भदौ ३० | 01:03 PM | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण मञ्च सँगको बैठक। |
| भदौ ३० | 02:00 PM | रसुवा जिल्ला विपद् व्यवस्थापन समितिको बैठक। |
| भदौ ३० | 05:00 PM | संयुक्त कमान्ड पोस्टको (केन्द्र, रसुवा, नुवाकोट, धादिङ) बैठक। |

| मिति | समय | बैठकको विवरण |
|---|---|---|
| भदौ ३१ | 05:00 PM | संयुक्त कमान्ड पोस्टको (केन्द्र, रसुवा, नुवाकोट, धादिङ) बैठक। |
| असोज ३ | 04:00 PM | संयुक्त कमान्ड पोस्टको (केन्द्र, रसुवा, नुवाकोट, धादिङ) बैठक। |

## निरन्तरका आवश्यकता तथा प्राथमिकताहरू

- खोज तथा शव सङ्कलन: माथिल्लो त्रिशूली-१ मा आशङ्का गरिएका शवहरूको उत्खनन् तथा पहिचान कार्यलाई निरन्तरता दिने। रसुवागढीमा सुरक्षित पहुँच, भग्नावशेष व्यवस्थापन तथा ढल निकासलाई कायम राख्दै भारी उपकरण (heavy equipment) र यातायात सहयोग उपलब्ध गराउने। फेला परेका मृतकका अवशेषहरूको पहिचान र सम्मानजनक व्यवस्थापन निरन्तर गर्ने।
- सडक तथा पुल: बेत्रावतीतर्फको चट्टान कटान (rock cutting), ढल निकास तथा भग्नावशेष हटाउने कार्य सम्पन्न गर्ने। पुलका संरचना सामग्रीहरू (components) ढुवानी गरी जडान गर्ने, देवीघाट पुल यातायातका लागि कहिले खुल्न सक्छ भन्ने यकिन गर्ने र हाकुबेँसी तथा पहिरेबेँसीमा तुइन (rope crossings) जडान कार्यलाई द्रुत गतिमा अगाडि बढाउने।
- सञ्चार तथा विद्युत: गत्लाङ र गोल्जुङमा वैकल्पिक/प्रतिस्थापन ट्रान्सफर्मरहरू ढुवानी गर्ने, तिरुमा देखिएका विद्युत समस्याहरू समाधान गर्ने र पहुँचविहीन दूरसञ्चार साइटहरूमा इन्धन तथा उपकरणहरू पुर्‍याउने।
- शिक्षा तथा अस्थायी आवास: विद्यालय परिसरमा जग्गा पर्याप्त नभएका स्थानहरूमा थप सिकाइ केन्द्रहरूका लागि सुरक्षित जग्गा पहिचान गर्ने। विद्यालयमा आश्रय लिइरहेका परिवारहरूका लागि उपयुक्त वैकल्पिक आवासको व्यवस्था गर्ने र प्रभावित बालबालिकाहरूका लागि सिकाइ तथा मनोसामाजिक सहयोगलाई निरन्तरता दिने।
- आवास रूपान्तरण (Shelter transition): घरधुरी तथा होल्डिङ सेन्टरका अभिलेखहरू अद्यावधिक गर्ने, लाभग्राही तथा सुरक्षित जग्गाको यकिन गर्ने र भाडा सहायता, अनुदान भुक्तानी, अस्थायी आवास एवं सम्पन्न भएका स्थानान्तरणहरूको अनुगमन/ट्र्याकिङ गर्ने।
- स्वास्थ्य तथा संरक्षण: परिवारहरू वैकल्पिक आवासमा सर्दै गर्दा स्वास्थ्य सेवा, रोग निगरानी, मनोसामाजिक परामर्श तथा रिफरल सेवाहरूलाई निरन्तरता दिने। थप सहयोग आवश्यक परेका व्यक्तिहरूका लागि पहुँचयोग्य आवास, सुरक्षित खानेपानी, औषधि, सहायक उपकरण तथा पुनर्स्थापना सेवालाई प्राथमिकता दिने।
- खानेपानी तथा सरसफाइ: खानेपानीको गुणस्तर परीक्षण जारी राख्ने र पुनःसञ्चालनमा आएका खानेपानी आपूर्तिको विश्वसनीयताको अनुगमन गर्ने। शिविर तथा विद्यालयहरूमा ट्याङ्करबाट पानी आपूर्ति, भण्डारण, शुद्धीकरण, हात धुने र नुहाउने सुविधाहरू कायम राख्ने।
- खाद्य सुरक्षा तथा जीविकोपार्जन: दुर्गम समुदायहरूमा राहत सामग्री ढुवानी निरन्तर गर्ने, खाना पकाउने ग्यासको अभाव समाधान गर्ने र बाँकी रहेका खाद्य सामग्री खरिद कार्य सम्पन्न गर्ने। द्रुत आकलन (rapid assessment) लाई अगाडि बढाउँदै पशु चिकित्सा, पशु आहार, सुरक्षित पशु आश्रय र कृषि सामग्रीका आवश्यकताहरू पूरा गर्ने।

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

पोष्ट बक्स नं. २१३२१३
NEOC टोल फ्री: १२३४
टेलिफोन: ०१-४२११५३५, ०१-४२१११९७, ०१-१४२११४६७
इमेल: info@bipad.gov.np, ndrrma@gmail.com
वेब लिङ्क: www.ndrrma.gov.np